नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

## कृषि, वन तथा पर्यावरण मन्त्रालयबाट १०० कार्य दिन भित्र सम्पादित थप कार्यहरुः

**कृषि तथा पशुपन्छीतर्फः**

१. यस मन्त्रालय तथा मातहतका निकायहरूमार्फत कृषि तथा पशुपन्छी क्षेत्रको विकास र प्रवर्द्धनका लागि आर्थिक वर्ष २०७२/७३ देखि हालसम्म प्रदान गरिएका अनुदानहरूमा देखापरेका विकृति तथा अनुदानको दुरुपयोगजस्ता विषयहरूको छानबिन गरी, हालको प्रणालीको समीक्षा गर्दै अनुदान प्रणालीलाई अझ पारदर्शी, दिगो र कृषकमैत्री बनाउने उद्देश्यले सुझाव दिनका लागि एक कार्यदल गठन गरिएको ।

**वन तथा वातावरणतर्फः**

२. वन्यजन्तु शिकार आरक्षबाट शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा स्तरोन्नति गर्दाको समयमा विस्थापित परिवारहरुको उचित व्यवस्थापनको लागि समाधानको मार्ग चित्र तयार गरी पेश गर्न एक समिति गठन गरिएको ।

३. सातवटै प्रदेशका वन क्षेत्रसँग सम्बन्धित मन्त्रालय तथा डिभिजन वन कार्यालयहरूसँग समन्वय गरी दिगो वन व्यवस्थापनको सिद्धान्तका आधारमा वन संवर्द्धन प्रणाली लागू गर्दै वन पैदावर उत्पादनमार्फत करिब रु. १ खर्ब राजस्व संकलन गर्ने उद्देश्यले डिभिजन वन अधिकृतहरूसँग वन पैदावर संकलनको वार्षिक लक्ष्य निर्धारण गर्न आवश्यक तथ्याङ्क संकलन कार्य भइरहेको।

**जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडः**

४. नार्क अन्तर्गत रहेको राष्ट्रिय किट विज्ञान अनुसन्धान केन्द्र संग समन्वय गरी बोझोमा आधारित जैविक विषादी बनाउने परियोजनामा सहकार्य गर्न प्रस्ताव पेश गरिएको ।

**कालिमाटी फलफूल तथा तरकारी बजार विकास समितिः**

५. नियमित/आकस्मिक अनुगमन टोली परिचालन गरी १२९ स्टललाई सचेत गराइएको, १९३ जनासँग आवश्यक जानकारी माग गरिएको तथा मागी व्यवसायीहरूलाई मूल्यसूची, सरसफाइ र स्थानको पालना गर्न निर्देशन दिइएको, १४ जनालाई आवश्यक सुधार गर्न निर्देशन दिइएको।

६. बिषादी अवशेष परीक्षण प्रयोगशालामा दैनिक करिव २० वटा नमुनाहरूको परीक्षण गर्ने कार्यलाई निरन्तरता दिइएको । २०८२।१२।१३ देखि २०८३/०३/१९ सम्म परीक्षण गरिएको कूल ११०७ नमुना मध्ये १०९९ (९९.२८%) उपभोग योग्य, ० (0.00%) क्वारेन्टाइन (पहेलो) र ८ (०.७२%) उपभोग अयोग्य (रातो) पाइएको छ । रातो पाइएका तरकारीहरुमा रायो साग (दोलखा-१,भक्तपुर-३) ४ पटक, लौका (धादिङ) १ पटक, काउली (मकवानपुर र काठमाण्डौ) २ पटक र रातो आलु (सल्यान) १ पटक रहेका ।

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

७. बजारको पुनर्संरचना सम्बन्धमा नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०८३/१/३० को निर्णय अनुसार कृषि वन तथा पर्यावरण मन्त्रालयको मिति २०८३/२/२८ को (माननीय मन्त्रीस्तर) निर्णय अनुसार प्र.सं. क.प्र. (बोर्ड/संस्थान/छात्रबृत्ति) २०८२/८३ च. नं. १०६८ मार्फत कालीमाटी बजारको पुनर्सरचना सम्बन्धमा कार्यदल गठन भई कार्यदलले मन्त्रालयमा प्रतिवेदन समेत बुझाइसकेको ।

८. नियामक र नीतिगत व्यवस्था, बजार अनुगमन गर्ने प्रक्रिया, बोर्डको संरचना परिवर्तन तथा गठन आदेश परिमार्जन लगायतका विषयमा सुझाव दिन मन्त्रालयमा समिति गठन गरिएको।

९. समितिको नीति नियम र सम्झौताको परिपालना, कारोबार स्थलको अवस्था सुधार, गुणस्तरीय वस्तुको कारोबार, ग्रेडिङ, प्याकेजिङ, असल बजार अभ्यास लगायतका विविध विषयमा व्यवसायीहरुलाई कारोबार स्थलमा र कार्यालयमा भेला गराई जानकारी दिने/सचेतना गराउने कार्य भई रहेकोमा हालसम्म कालीमाटी बजारका ६ समूहका करिव २७४ जना व्यवसायी र बालाजु बजारका ५१ जना व्यवसायीहरूको सचेतना कार्यक्रम सम्पन्न गरिएको।

## राष्ट्रिय दुग्ध विकास बोर्ड

१०. राष्ट्रिय दुग्ध विकास बोर्डको समग्र पुनसंरचनाका लागि मिति २०८३/३/२ गते कृषि, वन तथा पर्यावरण मन्त्रालयका सहसचिव डा. रामनन्दन तिवारीको संयोजकमा एक कार्यदल गठन गरि राष्ट्रिय दुग्ध विकास बोर्ड ऐन २०४८ लाई संसोधनका लागि पुनसंरचना योजना सहित मस्यौदा तयार गर्ने कार्य भईरहेको ।

११. दुग्ध उत्पादन कृषकहरुलाई २५ दिन भित्र दूधको भुक्तानी गर्नका लागि माननीय कृषि, वन तथा पर्यावरण मन्त्रिज्यूले सरोकारवाला निकायहरु दुग्ध विकास संस्थान, निजी डेरी उद्योगहरु सँग छलफल गरि समय भित्र भुक्तानी उपलब्ध गराउन निर्देशन दिनु भएको ।

१२. कृषकहरुले दूधको भुक्तानी समय भित्र पाए नपाएको सम्बन्धमा राष्ट्रिय दुग्ध विकास वोर्डले केन्द्रिय दुग्ध सहकारी संघ लि. नेपाल डेरी एशोसिएसन, डेरी उद्योग संघ र दुग्ध विकास संस्थानलाई पत्राचार गरी २०८३/०३/१८ गते भित्र विवरण उपलब्ध गराउन पत्राचार गरिएको।

डा. राजेन्द्र प्रसाद मिश्र
सचिव